स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कुनै बेला अभिनेता राजेश हमालको फिल्ममा जुनखालको व्यस्तता हुने गथ्यो, लगभग त्यही अवस्था यतिबेला दयाहाङ राईको छ । यसैले त उनलाई 'दोस्रो राजेश हमाल' भन्ने गरिन्छ । लगातार फिल्मको सफलता र उम्दा अभिनय गर्ने भएकाले मेकरको रोजाईमा उनी परिरहेका हुन् । उनको व्यस्तता कुन हदसम्म छ भने अबको झण्डै एक वर्ष उनलाई एक दिन पनि फुर्सदले बस्ने समय छैन । अबको ६ महिनामा मात्र उनका ७ वटा फिल्म महिनैपिच्छे प्रदर्शन हुँदैछन् ।

आजको विचार...



दुर्गाप्रसाद अर्याल

समस्या...
(दुई पेजमा)



बढ्दो चिसोको कहरले समस्यामा परेका जाजरकोट र रुकुम पश्चिमका भूकम्प पीडितलाई गायक राजु लामाले न्यानो लुगा र लत्ताकपडा वितरण गर्ने भएका छन् । राजु लामा फाउण्डेसनमार्फत सहयोगी हात बढाउन उनी आइतबार भूकम्प प्रभावित थलो जाजरकोटमा पुगेका हुन् । चार दिनसम्म जाजरकोट र रुकुम पश्चिम पुगेर लुगा वितरण गर्न लागेको लामाले जानकारी दिए । जाजरकोटको जुनीचाँदे गाउँपालिकाको वडा ५ र ६, भेरी नगरपालिकाको वडा ९ र ११, रुकुमपश्चिमको आठविसकोट नगरपालिकामा राहत वितरण गर्न लागेको उनले जनाए ।

❑ वर्ष २९ ❑ अंक १४७ ❑ २०८० पुस ९ गते सोमबार 25 December 2023, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सिजी सिमेन्ट उद्योगको प्रदूषणले स्थानीय मर्कामा

### उद्योग र स्थानीयबीच टकराब बढ्दै

रामचन्द्र रायमाझी

**पाल्पा,** पुस ८/पहाड रित्याउँदै दैनिक हजारौ टन चुनढुङ्गा र क्लिङ्कर खपत गर्ने जिल्लाको रैनादेवी छहरा गाउँपालिका-२ सोमादीमा रहेको सिजी सिमेन्ट उद्योगले न स्थानीयलाई रोजगारीमा महत्व दिएको छ न त उद्योगका कारणले पर्ने वातावरणीय प्रभावका बारेमा केहि सम्बोधन नै गरेको छ ।

उद्योगबाट निस्किने धूलोधूवा, तीब्र गतिमा टिपर सञ्चालन, जथाभावी फोहोर जस्ता कुराले वातावरणीय प्रदुषण बढ्दै गएकोले स्थानीय मर्कामा परेका छन् । उद्योग प्रदूषण नियन्त्रणका लागि गम्भीर नभएको स्थानीयको गुनासो छ । नेपाल सरकार भौतिक मन्त्रालयसँगको सम्झौता अनुसार काम सुरु गरेको उद्योगले स्थानीयहरुलाई असर नपुग्ने गरि काम गर्ने भनेको भए पनि सम्झौता अनुसार गतिबिधि नगरेको आरोप लागेको हो । मापदण्ड भन्दा बढी चुनढुङ्गा र क्लिङ्कर बोकेर दैनिक दर्जनौको संख्यामा सञ्चालन हुने उद्योगका टिपरहरुले सडक तहस नहस बनाएको मात्र छैन उद्योग नजिकै रहेका घरहरु समेत बस्ना लायक अवस्थामा छैनन् । धूलोधूवा नियन्त्रण गरिदिनका लागि पटक-पटक उद्योगसँग आग्रह गरे पनि सुनुवाइ नभएको स्थानीय केशव पोखरेलले बताए । सिमेन्ट उत्पादन





प्लान्टबाट निस्केको धुलो स्थानीयको घरभित्र पस्ने गरेको छ । धुलोका कारण स्वास्थ्यमा असर परिरहेको र बस्तीमा बस्नै नसक्ने स्थिति उत्पन्न भएको उनको गुनासो छ । मेहनत गरेर लगाइएको तरकारीमा समेत सिमेन्टको धुलो पत्रैपत्र भएर बस्छ जसले गर्दा खाना लायक नै नभएको पोखरेलले बताए । सिमेन्ट उद्योगबाट निस्केको प्रदुषणका कारण सञ्चो भएको मान्छे विरामी भएर अस्पताल हिड्नु परेको छ । यहाँ घाँस र विरुवाको पातमा सिमेन्टको धुलो टाँसिएपछि गाई बस्तुले समेत घाँस खान छाडेका छन् । स्थानीयले उद्योग सञ्चालक र प्रशासनलाई पटक-पटक प्रदूषणबारे ध्यानाकर्षण गराए पनि त्यसको सुनुवाइ दुवै पक्षले गरेका छैनन् ।

कम्पनीका महाप्रबन्धक पदमबहादुर सिंहले भने आफुहरुले वातावरण प्रदुषण नहोस् भन्नको लागि सबै किसिमका उपायहरु अवलम्वन गरेको दावी गरे । उनले भने 'शून्य धूलो-धुवाँ होस् भन्ने चाहना स्थानीयको छ, तर उद्योग सञ्चालन भइसकेपछि र गाडी गुड्न थालेपछि त्यस्तो सम्भव हुँदैन तर पनि हामीहरुले वातावरण प्रदुषण नहोस् भन्नका लागि सबै किसिमका काम गरेका छौं, हाम्रोतर्फबाट कुनै कसुर बाँकी छैन ।'

**उद्योगमा स्थानीयले लगाए ताला**

उद्योगले धूलोधूवा गराएको, तीब्र गतिमा टिपर चलाएको, जथाभावी फोहोर गरेको, वातावरणीय प्रदुषण बढाएको भन्दै स्थानीयले उद्योगमा ताला लगाएका छन् । उद्योगमा ताला लागेपछि उद्योगको काम शनिबार साँझदेखि ठप्प छ । पटक-पटक आफ्ना मागहरु सम्बोधन गर्न आग्रह गरे पनि कम्पनीले बेवास्ता गरेका कारण स्थानीयले उद्योगको प्रशासनमा तालाबन्दी गरेका हुन् । उद्योगमा ताला लगाएपछि तीब्र गतिमा भइरहेको काम अहिले ठप्प भएको हो । कम्पनीले आफ्ना मागप्रति बेवास्ता गरेकाले तालाबन्दी गर्नु परेको स्थानीय केशव पोखरेलले बताए । उनले भने 'कम्पनीले आफ्नो उत्पादनलाई मात्र प्राथमिकता दिएको छ तर मानव स्वास्थ्यप्रति पुरै बेवास्ता गरेकाले स्थानीयहरु एक भएर उद्योग बन्द गराइएको हो ।' यो समाचार तयार पार्दासम्म उद्योगको ताला खोलिएको छैन ।

उद्योगले जवरजस्ती आफ्नो गतिबिधि अगाडि बढाएका कारण स्थानीय तहका जनप्रतिनिधि पनि दिक्क बनेका छन् । 'सिमेन्ट प्रालीसँग स्थानीयहरु असन्तुष्ट हुनुहुन्छ ।' स्थानीयको गुनासो सुनेका रैनादेवी छहरा गाउँपालिकाका-२ वडाअध्यक्ष दानबहादुर पौडेलले भन्छन् 'यहाँको समस्या र गुनासोका विषयमा उद्योगसँग छलफल गरिरहेका छौं, तर पनि सहमति हुन सकेको छैन ।' उनले जनतालाई असर पुग्ने गरी काम नगर्न कम्पनीलाई आग्रह गर्दै आए पनि पटक-पटक समस्या दोहोरिने गरेको बताए । स्थानीय र कम्पनी बीच सहमति जुटाउने प्रयास भए पनि त्यो सफल हुन नसकेको उनको भनाई छ । पौडेलले भने 'धूलोधूवाबाट स्थानीय आजित भइसकेका छन्, यसतर्फ कम्पनीले ध्यान दिनुपर्छ ।'

विशेष गरी उद्योग आसपास रहेका रिब्दीकोट गाउँपालिका-१ को जोगिथुम, करेचौंर, भाती, रैनादेवी छहरा गाउँपालिका- २ को सोमादी, सर्देवा, छत्रादी, भूतखोला, भोटानी, सिद्देश्वर लगायतका गाउँका बासिन्दामा प्रत्यक्ष असर गरेको छ । प्रभावित सबै गाउँका स्थानीयहरुले संयुक्त रुपमा उद्योगमा ताला लगाएका हुन् । उनीहरुले आफ्ना माग पुरा नहुँदा सम्म काम ठप्प पार्ने चेतावनी दिएका छन् । यहाँका स्थानीयहरुले यस अघि पनि आफ्ना मागहरु राख्दै उद्योगको काम ठप्प पारेका थिए । उनीहरुले प्रभावित क्षेत्रका नागरिकहरुलाई क्षतिपूर्ति दिनुपर्ने, धूलोधूवा नियन्त्रण गर्नुपर्ने बताउँदै आएका छन् । त्यसो त समय समयमा उद्योगविरुद्ध हुने विरोधहरु अन्तत आर्थिक लेनदेनमा मिल्ने गरेको गुनासो पनि सुनिने गर्दछ । स्थानीय प्रहरी, प्रशासनलाई पनि यस्ता आन्दोलनले आर्थिक लाभ हुने गरेको आरोप समेत लाग्ने गर्दछ । जे भएपनि उद्योगले गर्नै पर्ने न्युनतम सर्तहरु समेत पुरा गर्न चासो भने दिएको छैन । वातावरणीय प्रभाव, सडक मर्मतमा सिजी सिमेन्ट उद्योग चुकेको देखिन्छ ।

## सक्षिप्त समाचार

### अवैध लागूऔषधसहित तीन जना पक्राउ

**पाल्पा,** पुस ८/प्रहरीले अवैध लागूऔषधसहित रुपन्देहीका विभिन्न स्थानबाट तीन जना पक्राउ गरेको छ । रूपन्देहीको रोहिणी गाउँपालिका-३ धकधई र सैनामैना नगरपालिका-२ बिहानी टोलबाट अवैध लागूऔषधसहित तीन जना पक्राउ परेका हुन् ।

रोहिणी गाउँपालिका-३ धकधईबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ५ सय मिलिग्राम र नियन्त्रित लागूऔषध डाइजेपाम लगायतका विभिन्न लागूऔषधसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही ठाउँका १८ वर्षीय किशोर रहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । ईलाका प्रहरी कार्यालय धकधईबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो । यस्तै रूपन्देहीकै सैनामैना नगरपालिका-२ बिहानी टोलबाट अर्का दुई जना पक्राउ परेका छन् । अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ सय २० मिलिग्राम र नगद ६ हजार रूपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा सोही ठाउँका ३५ वर्षीय सुरज विक र २४ वर्षीय सुमन गौचन रहेका छन् । ईलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

## लुम्बिनीमा मन्त्रिपरिषद् विस्तार, दुई मन्त्रीले लिए सपथ



**बुटवल,** पुस ८/लुम्बिनी प्रदेशमा तेस्रो पटक मन्त्रिपरिषद विस्तार भएको छ । सरकार गठन भएको ८ महिनापछि आइतबार मन्त्रिपरिषद् विस्तार भएको हो ।

मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले आइतबार दुई मन्त्री थपेपछि मन्त्रिपरिषद् ९ सदस्यीय भएको छ । यसअघि लुम्बिनीमा मुख्यमन्त्रीसहित सात सदस्यीय मन्त्रीमण्डल थियो । मुख्यमन्त्री चौधरीले बाँकेको निर्वाचन क्षेत्र नं. १(१) बाट निर्वाचित माओवादी केन्द्रकी कृष्णा केसी र प्यूठानको निर्वाचन क्षेत्र १(२)बाट निर्वाचित काँग्रेसका सरोज थापालाई मन्त्री मनाएका हुन् । माओवादी केन्द्रकी केसीलाई सहरी विकास र प्यूठानका थापालाई उद्योग तथा यातायात व्यवस्थामन्त्रीको जिम्मेवारी दिइएको छ । उनीहरुलाई प्रदेश प्रमुख अमिक शेरचनले सपथग्रहण गराएका छन् । वैशाख १४ गते ३ सदस्यीय मन्त्रीपरिषद् बनाएका मुख्यमन्त्री चौधरीले जेठमा दोस्रोपटक विस्तार गर्दै ७ सदस्यीय बनाएका थिए । १० मन्त्रालय रहेको लुम्बिनीमा आइतबारको विस्तारसँगै मन्त्रिपरिषद् ९ सदस्यीय भएको छ ।

बाँकी रहेको वन वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय मुख्यमन्त्री चौधरी आफैले राखेका छन् । मन्त्रिपरिषद् विस्तारमा काँग्रेसभित्र संस्थापन इतर पक्षधर नेता शेखर कोइराला र गगन थापाले पाल्पाका वीरबहादुर राना र पश्चिम नवलपरासीका विश्वप्रेम पाठकलाई मन्त्रीमा अघि सारे पनि मुख्यमन्त्री चौधरीले एकलौटी रुपमा मन्त्री थपेको काँग्रेस भित्रकै नेताहरुको भनाई छ ।

## आज 'क्रिसमस डे', देशभर सार्वजनिक बिदा

**पाल्पा,** पुस ८/नेपालसहित विश्वभरका क्रिश्चियन धर्मावलम्बीहरूले आज क्रिसमस डे पर्व मनाउँदैछन् । हरेक वर्ष २५ डिसेम्बरमा येशु ख्रिष्टको जन्मदिनको खुसियाली मनाउने परम्पराअनुसार क्रिश्चियन धर्मालम्बीले क्रिसमस मनाउन लागेका हुन् ।

सन् ३५० देखि यो पर्व मनाउन सुरु भएको पाइन्छ । यस अवसरमा इसाई धर्मावलम्बीहरु चर्चमा भेला भएर जिसस क्राइस्टको पवित्र आत्माको प्रार्थना गर्छन् । इसाई धर्मगुरु जिसस क्राइस्टले मानव जातिको मुक्तिका लागि आहुति दिएको सम्झनामा क्रिसमस डे मनाउने गरिन्छ । 'क्रिसमस डे'को अवसरमा नेपाल सरकारले इसाई धर्मावलम्बीका लागि आज सार्वजनिक बिदा दिएको छ । इसाई धर्मावलम्बीले खुसीयाली, उपहार र शुभकामना साटासाट गरी मनाउने यो पर्वको पूर्वसन्ध्यामा शनिबार र आइतबार पाल्पाको



तानसेनमा रौनक छाएको थियो । तानसेनका विभिन्न चर्चहरुमा क्रिसमस इभलक्षित विभिन्न कार्यक्रम समेत आयोजना गरिएका थिए ।

डिसेम्बर २५ तारिखमा पर्ने इसाई धर्मावलम्बीको प्रमुख चाड क्रिसमस मनाउन अघिल्लो दिन राति 'क्रिसमस इभ' मनाउने चलन छ । क्रिसमसको ठूलो आकर्षण भनेको सान्टा क्लस हुन् । रातो टोपी लगाएका सेतो दाह्री, जुङ्गा भएको मोटोघाटो ठूलो शरीरको पादरीले सबैलाई उपहार दिने र खुशी बाँड्ने छन् भन्ने विश्वास छ । सान्टा क्लसले उपहार दिने प्रतिक्षामा आज धेरै केटाकेटीहरु रातिअबेरसम्म सुत्दैनन् । यसका साथै केही ब्यक्तिहरु सान्टा क्लसको भेषमा उपहार र कोसेली बाँड्दै, साँट्दै हिंड्ने गर्छ भने बालबालिका सान्टा क्लसको भेषमा रमाउने गर्छन् ।

विक्रम संवत् २०६२/०६३ को ऐतिहासिक परिवर्तनले संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता घोषणा गर्नुका साथै राज्यले खीष्टमस पर्वलाई येशु खीष्टको शुभ जन्मदिवसका रुपमा मान्यता दिएको छ । नेपाल धर्मनिरपेक्ष हुनुअघि देशभर छरिएर रहेका खीष्टियन समुदायले क्रिसमस पर्वलाई विशेषगरी विभिन्न मण्डली (चर्च) र खीष्टियन संघसंस्थाभित्र नै मनाउँदै आएका थिए । हाल नेपालभर १२ हजारभन्दा बढी चर्च र ३० लाखभन्दा बढी खिष्टियन समुदाय रहेको अनुमान छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## क्रिसमस पर्वको बढ्दो आकर्षण

**जिसस क्राइस्टको जन्मदिनलाई इसाई धर्मावलम्बीले 'क्रिसमस डे'का रूपमा मनाउँछन् । त्यसो त पछिल्लो समय अन्य धर्मावलम्बीले पनि 'क्रिसमस डे' मनाउँदै आएको पाइन्छ । जसका कारण यसको रौनक बढेको छ । अहिले 'क्रिसमस डे' पर्व मनाउनेहरुको आकर्ष चुलिदो छ । नेपालमा २०६२/६३ को आन्दोलन अधिसम्म चर्चमा सीमित रहने क्रिसमस मुलुक धर्म निरपेक्ष भएसँगै सार्वजनिक रुपमा विस्तार भएको हो । नेपालको अन्तरिम संविधान, २०६३ र नयाँ संविधानले धर्म निरपेक्षताको व्यवस्था गरेको छ । धर्म निरपेक्षतासँगै सबै धर्मालम्बीले सम्मानपूर्वक आ-आफ्ना धर्म मान्नुका साथै चाडवाड मान्न थालेका छन् । केही वर्ष यता 'क्रिसमस डे' मनाउने तौरतरिका फेरिएको छ । अहिले सार्वजनिकरूपमै 'क्रिसमस डे' मनाउन थालिएको छ । त्यसैले गैर इसाईहरू पनि 'क्रिसमस डे'मा रमाउन थालेका छन् । मुलुकलाई धर्म निरपेक्षता घोषणा गरेकाले पनि एक-अर्काको धर्मप्रति मानिसको सद्भाव र सम्मान बढेको हो भन्दा फरक पर्दैन । यो पर्वसँग जोडिएका विभिन्न किसिमका चिह्न एवं संकेतहरुको कारण पनि यो पर्व सबैको साझा पर्वको रुपमा विकास भइरहेको हो । क्रिसमससँग जोडिएर आउने विभिन्न संकेतहरु छन् । जस्तो हरियो रुखमा हिउँ परेको आकृति, रातो र सेतो रंग मिसिएको सान्टा क्लज र अरु पनि त्यस्ता परम्पराहरु क्रिसमससँग जोडिएर आउने पर्वहरु हुन् ।**

**हिन्दुहरुको महान् पर्व दसैं तिहार जस्तै इसाई धर्मलम्वीहरुले पनि महान् पर्व क्रिसमसलाई लिने गर्दछन् । नेपालमा विभिन्न जातजाति, भाषा, धर्म मान्ने मानिसहरुको बसोवास रहेको छ । त्यसमध्ये इसाई धर्मका अनुयायीहरुले हरेक वर्ष हर्षोल्लासका साथ क्रिसमस मनाउने गर्दछन् । चिसो मौसमसँगै मनाईने यो पर्व क्रिसमसका धेरै पाटाहरु हिउँसँग जोडिएका छन् । विभिन्न प्राचीन यूरोपियन दस्तावेजका अनुसार क्राइस्ट धर्तीमा आउन पूर्व नै हिउँदको यो मध्ये समयमा आगो र प्रकाशको चाड मनाइने कुरा उल्लेख छ । क्रिसमसका बेला आयोजना हुने महोत्सव तथा सांस्कृतिक कार्यक्रमले मनोरञ्जनका साथै सामाजिक, धार्मिक र सांस्कृति सद्भाव विस्तार गर्न मद्दत पुर्याउँछ । बुझेर वा नबुझेर हो, हाल ठूला सहरमा 'क्रिसमस इभ' भन्दै सबै धर्मालम्बीका युवा शुभकामना साटासाट गर्ने र नाचगानमा सरिक हुने प्रचलन बढ्दै गएको छ ।**

## Opinion @ Social Network

यथार्थ नबुझी अर्थ लगाउने समाजमा
मन दुखाएर हैन मन बुझाएर हाँस्न अनि बाच्नु पर्दोरहेछ ।
*(कमला गोदारको फेसबुक स्टाटस https://www.facebook.com/Kamala.godar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समस्या राजनीतिक नेतृत्वमा की कर्मचारी प्रशासनमा ?




लोकतान्त्रिक गणतान्त्रिक संघीय साशन व्यवस्थाको अभ्यास भएको पनि करीब दुई दशक पुरा हुन लाग्यो । यस साशन व्यवस्था सञ्चालनका परिपुरक जस्तै मानिने राजनीतिक नेतृत्व र कर्मचारी प्रशासनले यसको बागडोर राम्रोसँग सञ्चालन गर्नमा भने समस्या सिर्जना भएको देखिन्छ । एकको अभावमा देशको साशन व्यवस्थालाई सुव्यवस्थित तरीकाले सञ्चालन गर्नमा समस्या उत्पन्न हुने कुरामा दुई मत रहँदैन । अझै कर्मचारी प्रशासनलाई त स्थायी सरकारकै रुपमा लिने गरिन्छ भने सरकारलाई व्यवस्थितरुपमा सञ्चालन गर्ने कुरामा यसको भूमिका विशिष्ट हुने गर्दछ । गणतान्त्रिक साशन व्यवस्थाले राम्रो र व्यबवस्थित रुप लिन नसकिरहेको वर्तमान अवस्थामा कर्मचारी प्रसाशनले पनि आफूलाई जिम्मेवारी रुपमा उपस्थित गराउन नसकेको देखिन्छ भने राजनीतिक नेतृत्वले व्यवस्था परिवर्तनसँगै आफ्नो कार्यशैलीलाई रुपान्तरण गर्न नसक्दा थप समस्या उत्पन्न भएको देखिन्छ । साशन व्यवस्था सञ्चालनमा समस्या उत्पन्न हुनुमा दुवै पक्षकै भूमिका रहेको देखिन्छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

संघीय गणतान्त्रिक साशन व्यवस्था नेपाली जनताको दशकौ अगाडिको चाहनाको परिणाम हो । जनताको छोरो साशन व्यवस्थाको उच्चतम तहमा पुग्ने यस व्यवस्था सञ्चालनमा राजनीतिक नेतृत्व र कर्मचारी प्रशासन दुवैको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । व्यवस्था सफल हुँदा वा असफल हुँदा दुवैको भागिदार यी दुई पक्ष नै पहिलो स्थानमा आउने गर्दछन् । आज भोली छलफलको विषय बनेको छ जनताको जनचाहना र अपेक्षा अनुसार साशन व्यवस्था सञ्चालन हुन सकिरहेको छैन । यस स्थिती सिर्जना हुनुमा स्थायी सरकार मानिने कर्मचारी प्रशासन वा राजनीतिक नेतृत्वमा समस्या रहेको छ । यस पक्षको गम्भीर तरीकाले विश्लेषण गर्नु जरुरी देखिन्छ ।

**राजनीति नेतृत्वबाट उत्पन्न समस्या :**

प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्रमा साशन व्यवस्थाका मुख्य नेतृत्वकर्ता हुन राननीतिक दलका मुख्य नेतृत्व र सरकार सञ्चालकहरु । राजाको पञ्चायत साशन देखि लिएर गणतन्त्रसम्म आईपुग्दा सरकार सञ्चालक भने तीनै राजनीतिक नेतृत्वहरु रहेको देखिन्छ । परिवर्तित साशन व्यवस्थामा नेतृत्व भने उही परम्परामा रमाउने नै भएका कारण साशन व्यवस्थाबाट आशा अनुकुलको प्रतिफल प्राप्त नभएको अनुमान लगाउन सकिन्छ । यसका साथै व्यवस्था परिवर्तनसँगै राजनीतिक नेतृत्वले आफ्नो सोच र व्यवहारमा परिवर्तन गर्न नसक्नु यसको मुख्य कारणको रुपमा लिन सकिन्छ । गणतान्त्रिक साशन व्यवस्थामा पनि उही राजनीतिक अस्थिरता, सरकार परिवर्तनको दर पनि उस्तै, सत्ता केन्द्रीत राजनीति खिचातानी उस्तै हुनु विडम्बना नै रहेको देखिन्छ । तिव्र विकास र जनताको सुविधाका लागि परिकल्पना गरिएका तीन तहका सरकारबिच सहकार्य हुन नसक्नु, नियन्त्रण बिहिन तरिकाले आ-आफ्नै तरिकाले हिड्नु र यसलाई व्यवस्थित र नियन्त्रित गराउन नसक्नु, सुशासन र विधिको साशनको अभ्यासमा चुक्नु, संविधान तथा ऐन नियमलाई आफु अनुकुल व्याख्या र प्रयोग गर्नु, आम्दानी भन्दा खर्च बढी भएका सरकारहरु सञ्चालनको परिकल्पना गर्नु । आन्तरिक आम्दानीका स्रोतको खोजीमा ध्यान नदिनु ।

> *परिवर्तित साशन व्यवस्थामा नेतृत्व भने उही परम्परामा रमाउने नै भएका कारण साशन व्यवस्थाबाट आशा अनुकुलको प्रतिफल प्राप्त नभएको अनुमान लगाउन सकिन्छ । यसका साथै व्यवस्था परिवर्तनसँगै राजनीतिक नेतृत्वले आफ्नो सोच र व्यवहारमा परिवर्तन गर्न नसक्नु यसको मुख्य कारणको रुपमा लिन सकिन्छ । गणतान्त्रिक साशन व्यवस्थामा पनि उही राजनीतिक अस्थिरता, सरकार परिवर्तनको दर पनि उस्तै, सत्ता केन्द्रीत राजनीति खिचातानी उस्तै हुनु विडम्वना नै रहेको देखिन्छ । तिव्र विकास र जनताको सुविधाका लागि परिकल्पना गरिएका तीन तहका सरकारबिच सहकार्य हुन नसक्नु, नियन्त्रण बिहिन तरिकाले आ-आफ्नै तरिकाले हिड्नु र यसलाई व्यवस्थित र नियन्त्रित गराउन नसक्नु, सुशासन र विधिको साशनको अभ्यासमा चुक्नु, संविधान तथा ऐन नियमलाई आफु अनुकुल व्याख्या र प्रयोग गर्नु, आम्दानी भन्दा खर्च बढी भएका सरकारहरु सञ्चालनको परिकल्पना गर्नु । आन्तरिक आम्दानीका स्रोतको खोजीमा ध्यान नदिनु । संघीय सरकारको वित्तीय अनुदानमा प्रदेश र स्थानीय तह सञ्चालनको आधार बनाउनु राजनीतिक नेतृत्वले व्यवस्थामा थपिदिएका समस्याहरु हुन् ।*

संघीय सरकारको वित्तीय अनुदानमा प्रदेश र स्थानीय तह सञ्चालनको आधार बनाउनु राजनीतिक नेतृत्वले व्यवस्थामा थपिदिएका समस्याहरु हुन् । यसका साथै भागवण्डा र राजनीतिक नियुक्ति उस्तै हुनु, भ्रष्टाचार र व्यथितिलाई हटाउनुको सट्टा झनै बढ्दै जानु, यतिका समय व्यथित हुँदासम्म आवश्यक ऐन नियम बनाउन नसक्नु, कर्मचारी प्रशासनलाई कार्य सञ्चालनमा अनावश्यक दवाब दिनु तथा कानुन र नियम विपरितका कार्य गर्न बाध्य पार्नु अझै स्थानीय तहहरुमा फरक राजनीतिक आस्था भएका कर्मचारीलाई अनावश्यक तनाव सिर्जना गरी टिक्नै नदिने सरुवा भएर हिड्न बाध्य बनाउने, संसदलाई संसदको रुपमा प्रस्तुत गर्न नसक्नु लामो समय राजनीतिक आरोप प्रत्यारोप, व्यक्तिगत कुण्ठा पोख्ने थलोको रुपमा रुपान्तरण गर्नु, राज्यको व्ययभार र अर्थतन्त्र सुधारमा ध्यान नदिनु साथै आर्थिक मितव्यीतामा ध्यान नदिनु, विकास भन्दा प्रशासनिक खर्च बढाउँदै लैजानु राजनीतिक नेतृत्वको कमजोरी तथा व्यवस्था सञ्चालनमा समस्या सिर्जना गर्ने पक्षहरुका रुपमा रहेका छन् ।

**कर्मचारी प्रशासनबाट उत्पन्न समस्या :**

कर्मचारी प्रशासनलाई स्थायी सरकार मानिन्छ, यो सेवा वितरक पनि हो । त्यति मात्रै कहाँ हो र ? विकासको मार्गदशक पनि हो । भन्ने गरिन्छ यस संस्थाले चायो भने सरकार मात्रै कहाँ हो र ? व्यवस्था नै परिवर्तन गर्न सक्ने क्षमता हुन्छ रे, सुन्ने गरिन्छ केन्द्रिकृत साशन व्यवस्थामा रमाएका कर्मचारीहरुले पूर्ण विकेन्द्रीत साशन व्यवस्थाको रुपमा रहेको संघीयता मन पराएकै छैनन् रे त्यही कारण कतै यो व्यवस्थाले गति लिन नसकेको त हैन ? कर्मचारी प्रशासन समस्याको रुपमा प्रस्तुत भएको त छैन ? प्रश्नहरु उत्पन्न भएको देखिन्छ । व्यवस्था र सरकार परिवर्तन भै रहन्छ तर यस संस्थाले भने अप्रत्यक्षरुपमा देशको साशन व्यवस्थालाई थामी रहेको हुन्छ । राजनीतिक नेतृत्वले साशन सञ्चालन गर्न नसक्दा राज्य सञ्चालनको नेतृत्व लिएको इतिहास पनि यससँग छ । तर बेला-बेलामा यस संस्थाको कार्यशैली माथि प्रश्न भने उठेको देखिन्छ । कतै गणतान्त्रिक साशन व्यवस्था सञ्चालनमा समस्या उत्पन्न हुनुको अर्को महत्वपूर्ण कारण कर्मचारी प्रसाशनका मुख्य नेतृत्वकर्ताहरु रहेको देखिन्छ । कर्मचारी प्रशासन मुख्य पक्ष भएकाले यसको कार्यशैलीले हरेक पक्षमा प्रभाव पार्ने गर्दछ । यो इमान्दार भयो भने इमान्दारीता देशभर फैलिन्छ । अल्छी, भ्रष्ट र बहानाबाजी गर्ने, कारण सिर्जना गरिरहने भयो भने नकरात्मक पक्षहरु देशभर छरिने गर्दछ । नयाँ व्यवस्थामा गाउँ-गाउँमा सिंहदरबार पु ऱ्याउने परिकल्पना अनुशार संरचनाको परिकल्पना गरिएको राम्रा गुण पुऱ्याउने की ? अब गुणहरु कर्मचारीकै हातमा रहेको देखिन्छ ।

कर्मचारी प्रशासनलाई झिगे सोच भएको, परम्परमा रमाउने, फाइल र ढड्डामा भुल्ने, कमिशन, हजुरी र पाहुर रमाउने, व्यवस्था परिवर्तनसँगै परिवर्तन हुन नचाहनु, सेवा ग्राही भन्दा बढी राजनीतिक नेतृत्वको हजुरी र आदेश पालकको रुपमा प्रस्तुत हुनु, बढुवा, सरुवाका लागि दौडधुप गरिरहनु । सरकार परिवर्तनसँगै आफुलाई परिवर्तन गरी अवसर लिन सिपालु, दुर्गम र ग्रामीण क्षेत्रमा जान नै नखोज्नु, राजनीतिक नेतृत्वको सल्लाहकार बन्नु, आफु अनुकुलका ऐन नियम बनाउन कसिन्नु जस्ता आरोप लाग्ने गरेको देखिन्छ । यस्ता कर्मचारी प्रशासनमा देखिने प्रवृतिले साशन व्यवस्था सञ्चालनमा समस्या सिर्जना भएको हो की ? अनुमान लगाउन सकिन्छ ।

**निष्कर्ष :**

देश विकास र जनताको जीवनस्तरमा सुधार गर्दै मुहारमा हाँसो थपिदिने महत्वपूर्ण भूमिका राजनीतिक नेतृत्व र कर्मचारी प्रशासनको नै हो । यीनीहरुकै भूमिकामा यी पक्षहरुको सफलता निर्धारण हुने गर्दछ । राजनीतिले नीति निमार्ण गर्ने कुरामा भूमिका खेलेको हुन्छ भने कर्मचारी प्रशासनले नीति कार्यान्वयनमा । बनाउने नीतिले भने देश र जनताको जीवनस्तर र दैनिकी सुधारमा । यसका लागि यी दुई पक्ष बीचको सम्बन्ध समुधुर तथा सहकार्य हुन जरुरी देखिन्छ । जसबाट अल्पकालिन तथा दीर्घकालिन उद्देश्य प्राप्तिमा सकरात्मक भूमिका खेल्ने गर्दछ । यसका लागि राजनीतिक नेतृत्व र कर्मचारी प्रशासनले समय अनुसार आफुलाई परिवर्तनसँगै रुपान्तरण गर्दै लानु पर्ने देखिन्छ भने नागरिकले जिम्मेवार नागरिकको भूमिका खेल्नुपर्ने देखिन्छ । यसो गर्न सकेमा व्यवस्था सञ्चालन र कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सकिने देखिन्छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कला र गलाको प्रभाव बढ्नेछ । अचल सम्पत्ति हात पर्ने योग छ । | **तुला** : नयाँ वस्त्र प्राप्ति हुनेछ । सामाजिक र धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **वृष** : आफ्नो विचार विपरित निर्णय हुनेछ । कामहरू अधुरै रहलान् । | **वृश्चिक** : राजनीति अधिकारमा सफलता मिल्नेछ । प्रभावित पारेर काम बन्नेछ । |
| **मिथुन** : नयाँ कामको थालनी हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : शिक्षामा सफलता मिल्ला । धनमाल पनि हात लाग्न सक्नेछ । |
| **कर्कट** : अतिथिको रूपमा सत्कार पाइएला । आफन्तको सहयोग प्राप्त हुनेछ। | **मकर** : चिन्ताले सताउनेछन् । नजिकका व्यक्तिहरुसँग झगडा पर्न सक्नेछ । |
| **सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य क्षेत्रमा प्रगति हुनेछ । | **कुम्भ** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । व्यवसायमा लाभ नै मिल्नेछ । |
| **कन्या** : मनमा शंका उत्पन्न हुनेछ । अनावश्यक धन खर्च हुनेछ । | **मीन** : लगानीको वातावरण बन्नेछ । मुद्दा मामिलामा सफलता पाइनेछ । |



# अबदेखि एसईईमा कम्तीमा ३५ प्रतिशत अंक ल्याउनुपर्ने



राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले विद्यार्थीले २०८० सालमा सञ्चालन हुने एसईई परीक्षामा कम्तीमा ३५ प्रतिशत अंक ल्याउनैपर्ने बताएका छन् । नेशनल प्याप्सन भक्तपुरले शैक्षिक वर्ष २०८० को एसईईमा सम्मिलित हुने विद्यार्थीका लागि आयोजित परीक्षा मार्गनिर्देशन कार्यक्रममा उनले २०८० मा एसइई परीक्षा हुँदैन भन्ने भ्रममा नपर्न विद्यार्थीलाई आग्रह गरे ।

बोर्डका अध्यक्ष डा शर्माले भने, “एसइईमा अब एनजी (कुनै विषयमा ३५ प्रतिशत अंक नल्याएमा ननग्रेड हुन्छ) प्रणाली लागू हुँदैछ । यस वर्षकै एसइई परीक्षाबाट नयाँ ग्रेडिङ प्रणाली लागू गर्ने भएकाले अब उच्च शिक्षा अध्ययन गर्नका लागि विद्यार्थीले एसइईमा ३५ प्रतिशत अंक ल्याउनैपर्ने हुन्छ ।” कार्यक्रममा प्रसिद्ध उत्प्रेरक डा ताराप्रसाद गिरीले स्कुल जीवनमा नै भविष्य बनाउनु पर्ने भन्दै शिक्षक एवं आमाबुबाको मार्गनिर्देशनमा हिँड्ने व्यक्ति सफल हुने बताए । मार्गनिर्देशनमा नेशनल प्याप्सन भक्तपुरका अध्यक्ष सञ्जय खड्काले अक्षराङ्क प्रणालीका कारण नपढे पनि उत्तीर्ण भइन्छ भन्ने विद्यार्थी र अभिभावक अझै भ्रममा रहेको बताए । उनले यस्ता भ्रममा नपरी सिकाइलाई मजबुद बनाउँदै लैजान विद्यार्थीलाई आग्रह गरे । कार्यक्रममा पूर्व परीक्षा नियन्त्रक तथा उपसचिव अर्जुनबहादुर रायमाझी, नेशनल प्याप्सनका केन्द्रीय सदस्य जिबि खड्कालगायतले कोभिडका कारण बिग्रिँदै गएको पढाइको पद्धतिलाई विद्यालय, अभिभावक तथा विद्यार्थी सबैले सुधारेर लैजानुपर्नेमा जोड दिए । ***-रासस***

# भोजपुरका विद्यार्थीको रोजाइमा प्राविधिक शिक्षा



भोजपुरमा प्राविधिक शिक्षा माध्यमिक तहमा नै प्राविधिक शिक्षा विद्यार्थीको रोजाइमा पर्न थालेको छ । विभिन्न माध्यमिक विद्यालयले ऐच्छिक विषयका रूपमा प्राविधिक शिक्षा अध्ययन गराउन थालेपछि यसप्रति विद्यार्थीको आकर्षण बढेको हो । रामप्रसादराई गाउँपालिका-३ भुल्केमा रहेको पञ्चकन्या माध्यमिक विद्यालयले प्राविधिक शिक्षाको थालनी गरेपछि वडाका अधिकांश विद्यार्थीले यो शिक्षा लिँदै आएका छन् । यहाँका विद्यार्थीले कृषि विषयमा प्राविधिक शिक्षा लिँदै आएका छन् । शिक्षा हासिल गरेपछि सहजरूपमा रोजगार पाइने तथा जीवनोपयोगी सीप हासिल हुने भएसँगै विद्यार्थीको रोजाइमा प्राविधिक शिक्षा परेको विद्यालयका प्रध्यानाध्यक पेशलकुमार तिमल्सेनाले बताए । शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारसँग र रोजगारलाई बजारसँग जोडेर उत्पादनशील र उत्पादनमुखी बनाउनका लागि प्राविधिक शिक्षाको सुरुआत गरेको उनको भनाइ छ । “शिक्षालाई जीवनोपयोगी बनाउन आवश्यक छ” उनले भने, “हामीले व्यावहारिक शिक्षा दिन सकेमा विद्यार्थीमा जीवनयापनको वातावरण बन्छ । विद्यार्थीलाई कृषि विषयको प्राविधिक शिक्षा दिँदै आएका छौँ ।” शिक्षालाई परामपरामुखीभन्दा पनि व्यावहारिक र प्रविधियुक्त बनाउन विद्यालयले प्राविधिक शिक्षाको थालनी गरेको हो । विद्यार्थीलाई सहज प्राविधिक शिक्षाको पहुँच विस्तार गर्न प्राविधिक शिक्षामा जोड दिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टेकराज भट्टराईले बताए । यस वर्ष पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत रु पाँच लाख लागतमा च्याउखेती गर्न घर निर्माणसँगै प्राविधिक शिक्षाका लागि आवश्यक सामग्री खरिद गरिने उनको भनाइ छ । आवेदन माग गरेर विद्यार्थीको रोजाइको आधारमा च्याउखेती, टमाटर खेती, फलफूल खेती, तरकारी खेतीमा जोड दिइएको उनको भनाइ छ ।

आगामी दिनमा यसको विस्तारमा थप जोड दिने लक्ष्य रहेको उनले जानकारी दिए । “प्राविधिक शिक्षासँगै हामीले पढ्दै कमाउँदै कार्यक्रमलाई पनि एकसाथ अघि बढाएका छौँ”, उनले भने, “विद्यार्थीको रुचीका आधारमा विभिन्न प्रकारका शिक्षा दिने व्यवस्था मिलाएका छौँ । प्राविधिक शिक्षाप्रति विद्यार्थीको आषर्कण बढ्दो छ ।” विद्यार्थीले टमाटर, काउली, ब्रोकाउली, च्याउ लगायतको व्यावसायिक खेती गर्दै आएका छन् । तरकारी बिक्रीबाट आएको रकम प्रोत्साहनका रूपमा विद्यालयले विद्यार्थीलाई दिने गरेको छ । विद्यार्थीले च्याउखेती, टमाटर खेती, माछापालन, काउली, एभोकाडो खेतीसँगै अन्य कृषिका विषयमा अभ्यासमार्फत ज्ञान लिँदै आएका छन् । आर्थिक स्रोतको दिगो व्यवस्थापनका लागि विद्यालयको जग्गामा करिब सय बोट एभोकाडोका बिरुवा रोपिएको विद्यालयले जनाएको छ । विद्यार्थीलाई प्राविधिक शिक्षासँग जोड्दै दक्ष जनशक्ति उत्पादनमा रामप्रसादराई गाउँपालिकाले योजनाबद्धरूपमा काम गरिरहेको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए । सामुदायिक विद्यालयको गुणस्तर सुधारमा गाउँपालिकाले ध्यान दिइरहेको अध्यक्ष राईको भनाइ छ । “अहिलेको आवश्यकता प्राविधिक शिक्षा हो”, अध्यक्ष राईले भने, “हामीले सीपमूलक शिक्षामा जोड दिँदै आएका छौँ । प्राविधिक शिक्षाले दक्ष जनशक्ति उत्पादन सहयोग पुग्नेछ ।” विद्यालयमा आएर अभ्यासमूलक शिक्षा लिँदा सिकाइ प्रभावकारी हुने गरेको विद्यार्थीको भनाइ छ । उनीहरूलाई अभ्यासका लागि विद्यालयले आफ्नो तथा लिजमा जग्गा लिएर विद्यार्थीलाई व्यावहारिक ज्ञान दिने गरेको छ ।

आफूले सिकेको सीप घरपरिवारलाई सिकाएर काम गर्ने गरेको विद्यार्थी सचिन चर्मकारले बताए । विद्यालयका कृषि पढ्न चाहने विद्यार्थीले कक्षा ९ बाट ऐच्छिक विषयका रूपमा पढ्दै आएका छन् । भोजपुरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र अन्तर्गत दुई आङ्गिक शिक्षालय सञ्चालनमा छन् । भोजपुर नगरपालिका-६ मा रहेको सुम्निमा पोलिटेक्निक इन्स्टिच्युट र रामप्रसादराई गाउँपालिका मानेभञ्ज्याङमा राममिथिला बहुप्राविधिक शिक्षालय सञ्चालनमा छन् । यीसँगै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रबाट अनुमति लिएर विभिन्न माध्यमिक विद्यालयले प्राविधिक शिक्षा पढाउँदै आएका छन् । ***-रासस***

# नागरिक शिक्षाबाट कुशल नेतृत्व

**रमेशप्रसाद गौतम**

> ***शिक्षा केबल परीक्षामुखी, प्रशासनमुखी र यान्त्रिक बन्न पुगेको छ । जीवनको यथार्थतामा आधारित शिक्षा पद्धति नै आजको आवश्यकता हो । जीवन जगतका यथार्थ पाटाहरूमध्येको एउटा महत्वपूर्ण पाटो राजनीति हो । यसैले राजनीतिलाई सम्भावनाको खेल भन्ने पनि गरिन्छ । खेलमा जित्ने र हार्ने दुवै हुन्छन् । नागरिक शिक्षा भनेको यही खेलको स्पष्ट दिशाबोध गराउने विषय हो । यसर्थ खेलको नियम बुझेर मात्र खेलाडीले राम्रोसँग खेल खेल्न सक्ने हुन्छ ।***

हरेक नागरिक स्वतन्त्रतापूर्वक बाँच्न पाउने नैसर्गिक अधिकारलाई स्वीकार्दै कर्तव्य र दायित्वप्रति सचेत गराउने काम नागरिक शिक्षाले गर्दछ । आफ्नो विचार र इच्छा पूर्ति खोज्दा अरूको अधिकार इच्छाको हनन हुनुहुँदैन । तर, अहिले कतिपय मानिस स्वतन्त्रतासँगै कर्तव्य पनि जाडिएर आउनुपर्छ भन्ने मान्यताप्रति सचेत देखिँदैनन् । केवल आफ्नो स्वार्थ र आफ्नो स्वतन्त्रता हनन् भएमा चाहिँ आक्रोसित हुने गरेका प्रशस्त देखिन्छन । एक अर्काको सह अस्तित्वप्रति सजग छैनन् । यसको अर्थ हुन्छ आजको नागरिक समाजमा नैतिक शिक्षाको ठूलो खडेरी परिरहेछ । कसैले नैतिक शिक्षाका कुरा गर्दा आजका किशोरकिशोरीका लागि अपाच्य देखिन्छ । हुन सक्छ आज सामाजिक आर्थिक बदलावले ल्याएको परिवर्तनले हाम्रो परम्परागत नैतिकताको परिभाषा नै फरक बन्न गएको छ ।

अहिले आएको आर्थिक सम्बन्धको बदलाव नै यसमा बढी जिम्मेवारी छ भन्न सकिन्छ । शिक्षा भनेको लोकतन्त्रको जरा र फल हो भनिन्छ । यसैले शिक्षा मानवीय उन्नतिको मूल आधार हो भन्ने कुरामा मानव समाज एकमत रहँदै आएको छ । यसको आदर्श वा उद्देश्य भनेको नै नागरिकलाई पर निर्धारित निश्चित प्रयोजनका लागि विकसित गर्ने र आफ्नो जीवनोद्देश्य स्वयं निर्धारित गर्न स्वइच्छाले गर्न पाउने मान्यता जस्ता सवाल देखा पर्दछन् । जसको अर्थ विद्यालयमा आउने बालबालकलाई रित्तो भाँडो ठानेर त्यसमा ज्ञान भरिदिने विचार राख्ने अर्कोतर्फ ज्ञानको बीज ऊसँगै छ त्यसलाई विकसित हुने वातावरण मिलाई दिनेजस्ता सवाल उठ्दछन् । यसरी यी दुवै धारका प्रचलित ढाँचामा शिक्षा चल्दै आएको छ । यी ढाँचाले मानिसलाई राज्य र बजारलाई चाहिने उपयुक्त पात्रका रूपमा निर्माण गर्दै आएका छन् । एउटा परनिर्धारित निश्चित प्रयोगका लागि उत्पादन शिक्षाले खाली मस्तिष्कमा ज्ञान भरिदिने शैलीको शिक्षा विधि र अर्को ज्ञानको ज्योति बालकसँगै हुन्छ त्यसलाई विकसित गराउने वातावरण मात्र जुटाइदिनुपर्छ भन्ने हो । बालकको वास्तविक रुचि चाहना र स्वतन्त्रतालाई स्वीकार्ने शिक्षा पद्धतिले निर्धारित लक्ष्यसम्म पुऱ्याउने हो । बालबालिकाले विद्यालयमा पढने सिक्नेमात्र नभई जीवन जगतका विभिन्न पाटाका ज्ञान र सीप हासिल गर्न जीवनोपयोगी सिकाइ क्रियाकलापतर्फ उन्मुख गराउने शिक्षा प्रणालीको जरुरत छ । हाम्रो शिक्षाको चिन्तन भनेको परीक्षामा राम्रो अंक ल्याएर पास हुने विद्यार्थीले प्राप्त गरेका अंकलाई आधार मानेर विद्यालय र विद्यार्थीको गुणस्तर मापन गर्ने अभ्यास नै हुन् । यसले शिक्षाको परिधि र उद्देश्यलाई संकुचित तुल्याएको छ ।

शिक्षा केबल परीक्षामुखी, प्रशासनमुखी र यान्त्रिक बन्न पुगेको छ । जीवनको यथार्थतामा आधारित शिक्षा पद्धति नै आजको आवश्यकता हो । जीवन जगतका यथार्थ पाटाहरूमध्येको एउटा महत्वपूर्ण पाटो राजनीति हो । यसैले राजनीतिलाई सम्भावनाको खेल भन्ने पनि गरिन्छ । खेलमा जित्ने र हार्ने दुवै हुन्छन् । नागरिक शिक्षा भनेको यही खेलको स्पष्ट दिशाबोध गराउने विषय हो । यसर्थ खेलको नियम बुझेर मात्र खेलाडीले राम्रोसँग खेल खेल्न सक्ने हुन्छ । आमनागरिकलाई पथ प्रदर्शन गर्ने देशलाई प्रगतितिर डोऱ्याउने राजनीतिक नेतृत्व भएकाले नेताको जीवनमा अध्ययनको महत्व बढी छ । नेताको काधमा ठूलो जिम्मेवारी हुन्छ यस्तो काम गर्न तिक्ष्ण बुद्धि अनुभव, समायोचित ज्ञान र जोखिम मोल्ने सहास हुनुपर्दछ । नेता कार्यपालिकामा रहन्छन, विधायिका संसदमा हुन्छन्, मुलुकको समग्र राष्ट्रिय राजनीतिको निर्णयका अंगमा रहन्छन् । यस्ता व्यक्तित्वको योग्यताको कुरा खासै उब्जाइँदैन । यिनको पनि न्यूनतम योग्यता तोकिनु जरुरी देखिन्छ । कम्तीमा सांसद हुन स्नातकसम्म हुनुपर्ने सर्त राखिनु उपयुक्त देखिन्छ । यदि नेतामा योग्यता र क्षमता भएमा कुनै कसैको बकाउ र फन्दामा नपर्ने र आफ्नै स्वविवेकले निर्णय र निर्देशन गर्न सक्ने हुन्छन् । शिक्षाले नै समस्या समाधानका क्रममा आएका चुनौती समाधान गर्न उब्जिएका विवादलाई छलफल अन्तर्क्रिया, वादविवादमा तर्कपूर्ण दृष्टिकोण प्रस्तुत गर्न सक्ने क्षमताको विकास गराउँदछ । यसर्थ सफल राजनीतिज्ञ बन्ने हो भने पुस्तक अध्ययनलाई आफ्नो जीवनको अभिन्न अंग बनाउनु पर्दछ । प्राय हाम्रा नेताहरू राजनीतिक संघर्षको पृष्टभूमिबाट आएका हुँदा उनीहरूमा संघर्ष इतिहास र जेलनेल खाएको अनुभवलाई नै ठूलो योग्यता ठानी पद र नेतृत्वको दाबी गर्दै आएका छन् । संघर्षले तत्कालीन राज्यव्यवस्थालाई परिवर्तन गरेकै अनुभवले भोगेका जीवनको ज्ञान सीमित हुन्छ । त्यसमा ज्ञान र बुद्धिको दायरा फराकिलो पार्न बृहद् अध्ययन र जानकारीका लागि पुस्तक पढेर त्यसको असर व्यक्तिको भोगाइ र अनुभवबाट बुद्धिमा तीक्ष्णता वृद्धि गर्न सकिन्छ । यसर्थ अध्ययनको आवश्यकता नेताहरूलाई झनै बढी हुन्छ । अध्ययनबाटै अन्तर्राष्ट्रिय व्यवस्था सञ्चालनको विवेचना नीति निर्माण, कूटनीतिक ज्ञान आदि हासिल गर्न सक्दछ ।

हाम्रा जस्ता मुलुकले नेताको योग्यता अथवा अयोग्यताको निर्धारणविना नै राजनीतिलाई विधि र विधानले बाँधेर संस्थागत गर्ने पारिपाटी बसाली नै रहेका छन् । यहाँ नीतिभन्दा नेता प्रधान बन्दैछन् । देशको हित गर्न नसक्ने नेतालाई पन्छाउने परिपाटीले प्राथमिकता पाउन सकेको छैन । उहाँ भने हामी बाह्रैमास राजनीतिको कुरा चाख लगाएर गर्ने गर्दछौं । यो एउटा क्यान्सर रोग जस्तै बनेको छ । यसले नै हाम्रो समाजलाई नराम्रोसँग गाँजेको छ । हाम्रो चेतनाको स्तर गिर्दो छ । राजनीति सुदृढ हुन र राजनीतिलाई संस्थागत विकास गराउन सकिरहेका छैनौं । वर्तमान सार्वजनिक जीवनबाट अब बन्ने पुस्ताको योग्यता उसले बहन गर्ने जिम्मेवारी अब कस्तो होलाको सवालमा झनै अन्योल देखिँदैछ । जीवनको आफ्नो क्रियाशील पाटोलाई नेताको पछि लागि अनरगल प्रचारबाजी र होडबाजीका पछि दौडने दलका युवा तथा विद्यार्थी नेताबाट भोलिको देश कसरी हाँकिने दलतन्त्रका लागि मारमुठ्ठी झेलझाल र गुण्डागर्दीको मात्र अनुभव यिनमा छ । अब आउने पुस्ता पनि एकाध अपवादलाई छाडेर प्राय अध्ययनसँग टाढै बस्ने जमात छ । अब समयमै आँखा खोली राजनीतिक दलहरूले आफ्ना पार्टी कार्यालयमा पुस्तकालयको स्थापना गरी आफू र आफ्ना कार्यकर्तामा पठनीय संस्कृतिको विकास गराउनु जरुरी छ । आफ्ना कार्यकर्तालाई समय समयमा नैतिक, शिक्षा, राजनीतिक दर्शन, अर्थतन्त्र आदिबारे प्रशिक्षण दिने गर्नुपर्दछ । लोकतन्त्रको अस्तित्व राष्ट्रभित्रै रहने हुँदा राष्ट्र र राष्ट्रियताको रक्षा खातिर हरेक नागरिक लाग्नुपर्दछ । नागरिक अधिकारको उल्लंघन तथा लोकतन्त्रको मूल्य मान्यताको अवमूल्यन हुनबाट जोगाउन नागरिक सचेत हुनुपर्दछ । नागरिकको राज्य, सरकार, राजनीतिक दलहरू र नागरिक समाजप्रतिको कर्तव्यबोध गराउने काम नागरिक शिक्षाले गराउँदछ । नेपाली जनताले पटकपटक गर्दै आएका ऐतिहासिक क्रान्ति र जनआन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएका जनादेशको कदर गर्दै संविधानसभाबाट घोषणा गरिएको संविधान २०७२ ले देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्यालाई समाधान गर्ने हेतुले राज्यको पुनसंरचनाको चाहना पूरा गरेको छ । व्यवहारमा अझै देशमा लोकतन्त्र शान्ति, समृद्धि सामाजिक अग्रगमन तथा समनताका पाटाहरू अझै सरकारतर्फ उन्मुख हुन सकेका छैनन् । मुलुकको पुनसंरचनाका विषय हुन् वा अन्य महत्वपूर्ण ढाँचाहरू निर्धारण गर्ने विषयमा किन नहुन बृहत् बहस र छलफलविनै हचुवामै निर्णय हुने गरेका कुरा जनतामा आभास मिलिसकेको छ । परिणामत अझै ठूला ठूला ऐतिहासिक उपलब्धिप्रति पनि खासै मोह देखाउन छाडेका छन् ।

हाम्रा राजनीतिक दलहरूले देशमा विद्यमान विवाद र समस्या सल्टाउने आधार निर्माणमा लागि राष्ट्रिय एकता र सामाजिक सद्भावलाई मजबुत बनाउने कोसिस गर्नुपर्दछ । हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त भएको देशमा राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्न राजनीतिक नेतृत्व नागरिक समाज, समुदाय र हरेक तप्का संलग्न हुनु जरुरी छ । तर, अहिले हाम्रो सामाजिक धरातल नै अस्थिर बन्दै गएको छ । यसले गर्दा नागरिक समाज र अब आउने पिँढीलाई समेत जिम्मेवार नागरिक बन्नबाट विमुख पार्ला भन्ने डर उब्जन थालेको छ । यसर्थ नागरिकहरूको सकरात्मक सोचका साथै राजनीतिक सहभागिता बढाउने राजनीतिक चेतनाको जरुरी छ । हाम्रो ठूलो जनसंख्या नागरिक ज्ञान हासिले गर्ने अवसरबाट वञ्चितै छन् । नागरिकलाई आफ्नो हक तथा अधिकार र सही ढंगले परिचालन गर्न तथा आफ्नो कर्तव्य तथा दायित्वप्रति सचेत रहन नागरिक सीप र कौशल बढाउने शिक्षा नै नागरिक शिक्षा भएकोले यसलाई घनिभूत रूपमा अगाडि बढाउनु आजको सान्दर्भिकता ठहर्दछ ।

***-इहिमालय टाइम्स डटकम***

# बैवाहिक वर्ष गाँठमा गरिने खर्च असहायलाई



**पाल्पा,** पुस ८/तानसेनमा एक जोडीले आफ्नो बैवाहिक वर्ष गाँठमा गरिने खर्चबाट असहायलाई न्यानो कपडा सहयोग गरेका छन् । लायन्स क्लब अफ रानीमहल क्लब पाल्पाका कोषाध्यक्ष विष्णु पौडेल र सर्मिला पौडेलले आफ्नो बैवाहिक वर्ष गाँठमा गरिने फजुल खर्च कटाए तानसेनस्थित निलसागर असहाय, अशक्त तथा जेष्ठ नागरिक सेवा आश्रमका असहायका लागि न्यानो कपडा सहयोग गरेका हुन् ।

क्लवको आयोजनामा भएको एक औपचारिक कार्कममा उनीहरुले आश्रममै पुगेर न्यानो कपडा वितरण गरेका छन् । फजुल खर्चलाई कटाएर असहायहरुलाई चिसोबाट बच्नको लागि सानो भएपनि सहयोग गरौ भन्ने उद्देश्यले न्यानो कपडा सहयोग गरेको विष्णु पौडेले बताए ।

कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लब अन्तर्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ पि का चिफ एडभाइजर राजेन्द्र लिगलले पछिल्लो समय नेपाली समाजमा बैवाहिक वर्ष गाँठको अवसरमा अनावश्यक फजुल खर्च गरी भोजभतेर/पाटी गर्ने प्रचलन रहेका बेला पौडेल दम्पतीले भने असहायहरुलाई सहयोग गरेर प्रशंसनीय कार्य गरेको बताए । उनले क्लवमा सक्रिय पौडेलले क्लवको सामाजिक अभावनालाई समेत आत्मसाथ गरेकोमा खुसी व्यक्त गरे ।

कार्यक्रममा निलसागर आश्रमका संयोजक प्रकाश गोङगलले आश्रममा रहेका नागरिकहरुप्रति देखाएको माया, दया करुण र सद्भावको प्रशंसा गर्दै धन्यवाद दिए । उनले सहयोगी दाताहरुको सहयोगमा आश्रम सञ्चालन गर्दै आएको बताए । आश्रममा रहेका १८ जनालाई न्यानो कपडा र जुस वितरण गरिएको थियो । यहाँ असहाय, बेसहारा, वृद्धवृद्धा र मानसिक रूपले विक्षिप्त व्यक्तिहरु रहेका छन् । क्लवका अध्यक्ष कोशिस भण्डारीको सभापतित्व, उपाध्यक्ष राजेश भट्टराई सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### एपीएफको लगातार तेस्रो जित



**काठमाडौं,** पुस ८/प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेटमा एपीएफले लगातार तेस्रो जित हात पारेको छ । ८ टिम सहभागी जारी प्रतियोगिताका लगातार तेस्रो खेल जित्ने एपीएफ र कोशी मात्रै हुन् । आफ्नो तेस्रो खेलमा लुम्बिनी प्रदेशलाई ९० रनले हराउँदै एपीएफले प्रतियोगितामा जितको यात्रा कायम राखेको हो ।

मूलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको एपीएफले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर १५१ रन बनाएको थियो । राष्ट्रिय टिमकी कप्तान इन्दु बर्माले एपीएफका लागि अलराउन्डर प्रदर्शन गरिन् । ब्याटिङमा ७० रनमा अविजित रहेकी इन्दुले बलिङमा ३ विकेट लिइन् । ओपनर ममताले ५८ बलमा ५ चौका सहित ५९ रनको अर्धशतकीय पारी खेलिन् । लुम्बिनीका लागि सरस्वती पुन र शर्मिला रोक्काले समान १-१ विकेट लिए । एपीएफले दिएको १५२ रनको लक्ष्य पछ्याएको लुम्बिनी निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ६१ रनमै सिमित भएको हो । लुम्बिनीका लागि ओपनर लक्ष्मी चौधरीले २८ रन बनाइन् । उनले ४९ बलमा २ चौका प्रहार गरेकी हुन् । अन्य कुनै ब्याटरले दोहोरो अंकमा रन बनाएनन् । एपीएफकी बर्माले ३ सँगै बिनु बुढाले २ विकेट लिइन् । रेखा रावल, करुणा भण्डारी र सीता राना मगरले समान १-१ विकेट लिए । एपीएफले यसअघि मधेश प्रदेशलाई १० विकेट र सुदूरपश्चिम प्रदेशलाई ९ विकेटले पराजित गरेको थियो । आफ्नो पहिलो खेलमा गण्डकी प्रदेशलाई ४ विकेटले पराजित गरे पनि लुम्बिनी दोस्रो खेलमा सुदूरपश्चिम प्रदेशसँग ९ विकेटले पराजित भएको थियो ।


## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचकमा गिरावट




**पाल्पा,** पुस ८/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा गिरावट भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार आइतबार नेप्से परिसूचक २१ दशमलव शून्य तीन अंकले गिरावट भएर दुई हजार ८८ दशमलव शून्य सातमा सिमित भएको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव २९ अंकले ओरालो लागेर तीन सय ९१ दशमलव ३३ मा सिमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ । कूल एक करोड ८५ लाख ८९ हजार तीन सय ७९ कित्ता शेयर रू सात अर्ब ११ करोड १७ लाख ३३ हजार आठ सय २९ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रू ३० करोड ४३ लाख २८ हजार बराबरको कारोबार भएको छ । त्यस्तै, हाथवे इन्भेस्टमेन्ट रू २९ करोड ५० लाख नौ हजार पाँच सय ९४, सोनापुर मिनरल्स रू २८ करोड १९ लाख ४५ हजार सात सय, घोराही सिमेन्ट रू २२ करोड ५२ लाख २२ हजार र आइएमई लाइफ इन्स्योरेन्स कम्पनीको रू १९ करोड तीन लाख ७२ हजार आठ सय बराबरको शेयर कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् । बोटलर्स नेपाल, कालिका पावर, सामलिङ पावर, बिपीडब्ल्यू लघुवित्त, चिर्खवा हाइड्रोपावर, मुक्तिनाथ कृषि कम्पनी, सूर्यज्योती लाइफ इन्स्योरेन्स लगायतका कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यस्तै, ज्योति विकास बैंकको ऋणपत्र र नेपाल रिपब्लिक मिडियाको शेयर मूल्यमा १० प्रतिशतले गिरावट आई नकारात्मक सर्किट लागेको छ । हाथवे इन्भेस्टमेन्ट नौ दशमलव ८५, आँखु खोला जलविद्युत कम्पनी नौ दशमलव १७ र हिमालयन डिस्टिलरीको शेयरधनीले छ दशमलव ८७ प्रतिशतले गुमाएका छन् ।








वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


शिक्षक आवश्यकता


प्रकाशित मिति : २०८०/०९/०८

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स. को मिति २०८०/०९/०३ को निर्णय तथा निस्दी गा.पा. का च.नं. ४९४ मिति २०८०/०९/०५ को सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको च.नं. ६१४, मिति २०८०/०९/०८ को अनुमति पत्र अनुसार यस श्री सरस्वती माध्यमिक विद्यालय निस्दी-७ चारघरे पाल्पामा तपसीलमा उल्लेखित तह र पदमा शिक्षक आवश्यक्ता भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट १५ दिन भित्र दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**
**विज्ञापन नं.** : ०१/२०८०/०८१, **पद संख्याः** १ जना, **दरबन्दीको प्रकार** : राहत करार
**तह** : प्रा.वि., **पद** : राहत करार शिक्षक, **नियुक्तीको प्रकार** : करार
**न्युनतम शैक्षिक योग्यता** : आई.एड. वा सो सरह
**उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, **निबेदन दस्तुर** : रु ५००/-
**तलब भत्ता** : नेपाल सरकारको प्रचलित नियम अनुसार
**निवेदन दिनुपर्ने अन्तिम मिति** : २०८०/०९/२२ गते
**सम्पर्क मिति** : २०८०/०९/२३ गते, **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ
**परीक्षा दिने स्थान र समय** : श्री सरस्वती मा.वि.को कार्यालय, विहान १०:०० देखि ४:०० बजे सम्म
**परीक्षाको किसिम** : लिखित, मौखिक, आवश्यक परेको खण्डमा प्रयोगात्मक,
**पेश गर्नुपर्ने आवश्यक कागजातहरु** : शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरु, स्थायी अध्यापन अनुमतिपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु २/२ प्रति र करार सुचिका उम्मेदवारले करार सुचिको समेत सबैको १/१ प्रति प्रमाणित प्रतिलिपीहरु ।
**थप जानकारीको लागि सम्पर्क** : ९८४०९१६८६० (अध्यक्ष, वि.व्य.स.), ९८६०३६३३३० (प्र.अ.)

श्री सरस्वती माध्यमिक विद्यालय
निस्दी-७, चारघरे, पाल्पा




हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई